# प्रदान गरिने सेवाहरू र आवश्यक कागजात

## १. सञ्चार गृहले पठाउनुपर्ने कागजातहरु

आफ्नो सञ्चार संस्थामा कार्यरत रहेका प्रकाशक, श्रमजीवी पत्रकार, कर्मचारी र कामदारहरुको विवरण र दरबन्दी विवरण अनलाइनमार्फत भर्नुपर्ने

क. पत्रिकाको हकमा : स्थायी दर्ता प्रमाणपत्रको कपी अनलाइनमा राख्ने (हालै प्रकाशित अंक १ साथै लिएर आउनु पर्नेछ) ।

ख. टेलिभिजन र रेडियोको हकमा प्रशारण अनुमतिपत्रको हालसम्म नवीकरण भएको प्रतिलिपि

ग. अनलाइन समाचार संस्थाको हकमा दर्ता प्रमाणपत्र

- सूचना तथा प्रसारण विभागबाट प्राप्त गरेको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धित सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार, कर्मचारी र कामदारहरु तलबी विवरण (Payroll) ।
- सम्बन्धित सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार, कर्मचारी र कामदारहरुको तलव जम्मा गर्न बैंकलाई अनुरोध गरी लेखिएको पत्रको प्रतिलिपि (बैंकद्वारा प्रमाणित पत्र)

***नोटः*** *पाँचजनासम्म दरबन्दी रहेको सञ्चार संस्थाको हकमा प्रतिबद्धतापत्र भए हुने ।*

## २. प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्र जारी

- रीतपूर्वक भरिएको अनुसूचि फाराम,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- तोकिएको ढाँचामा नियुक्ति पत्र,
- तोकिएको ढाँचामा सम्बन्धित संस्थाको सिफारिस पत्र,
- पासपोर्ट साइजको हालसालै खिचेको ३ प्रति फोटो
- एसएलसी उत्तीर्ण गरेको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि र
- सम्पादकको हकमा एसएलसीदेखि स्नातकतहसम्मको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्र वा एसएलसी उत्तीर्ण गरेको लब्धांक पत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि र सूचना विभागबाट प्रमाणित गरिएको १० वर्षको अनुभवको प्रमाणपत्र ।
- विदेशमा अध्ययन गरेको हकमा (समकक्षता) अनिवार्य
    - **पत्रिकाको :** जिल्ला प्रशासन कार्यालयबाट जारी स्थायी प्रमाणपत्रको प्रतिलिपि
    - **अनलाइनको**ः सूचना तथा प्रसारण विभागबाट जारी प्रमाणपत्रको प्रतिलिपि र सञ्चालकले सम्पादकमा नियुक्त गरेको माइन्यूटको प्रतिलिपि ।

## ३. प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्र नवीकरण

- रीतपूर्वक भरिएको अनुसूचि फाराम,
- तोकिएको ढाँचा अनुसारको नियुक्ति पत्र,

- तोकिएको ढाँचामा सम्बन्धित संस्थाको सिफारिस पत्र,
- स्वतन्त्र पत्रकारको लागि हालै प्रकासित ३ वटा लेख रचना ।

## ४. पत्रकार परिचयपत्र प्रतिलिपि

- निवेदन फाराम,
- सम्बन्धित संस्थाको सिफारिस पत्र ।

## ५. अध्यक्ष/प्रकाशक/व्यवस्थापकीय प्रमुख र प्रबन्ध निर्देशकको परिचयपत्र जारी

- रीतपूर्वक भरिएको अनुसूची फाराम,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धित संस्थाको सिफारिस पत्र (बैकिङ प्रणालीमार्फत पारिश्रमिक भुक्तानी गरिएको समेत प्रष्ट्याउने)

**क) प्रकाशकको हकमा:**

- ➢ प्रकाशकमा निवेदकको नाम उल्लेख भएको पत्रिका र पत्रिकाको स्थायी दर्ता प्रमाणपत्रको प्रतिलिपि

**ख) अध्यक्षको हकमा :**

- ➢ अध्यक्ष पदमा रहेको प्रमाणको प्रतिलिपि साथै अनलाइन सञ्चार माध्यमको हकमा अनलाइन प्रमाणपत्रमा अध्यक्षको नाम उल्लेख भएको हुनुपर्ने

**ग) सञ्चार प्रतिष्ठानमा कार्यरत व्यवस्थापकीय प्रमुख वा प्रबन्ध निर्देशकको हकमा :**

- ➢ नियुक्ति पत्रको प्रतिलिपि

## ६. पत्रिकाको अस्थायी दर्ता सिफारिस

- जिल्ला प्रशासन कार्यालयको पत्र

## ७. पत्रिकाको स्थायी दर्ता सिफारिस

- अस्थायी दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- स्थायी दर्ताका लागि सम्बन्धित सञ्चारगृहबाट गरिएको अनुरोध पत्र र
- छापाखाना र प्रकाशन सम्बन्धी ऐन नियममा उल्लेख भए बमोजिम अस्थायी दर्ता प्रमाणपत्र प्राप्त गरी हालै प्रकाशित तोकिएको संख्याका अंकहरू- दैनिक ४५, अर्ध-साप्ताहिक ११, साप्ताहिक ६, पाक्षिक र मासिक ४, द्वैमासिक देखि चौमासिकसम्म ३, अर्धवार्षिक र वार्षिकका लागि २ ।